विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा प्रवाह गर्ने निर्देशिका, २०८३

विभागबाट स्वीकृत मितिः२०८३/०५/३१

प्रस्तावनाः

सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा प्रवाहलाई थप सरल, छिटो, पारदर्शी, सुरक्षित तथा सेवाग्राहीमैत्री बनाई सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवाहरूलाई विद्युतीय प्रणालीमार्फत सञ्चालन गर्न वाञ्छनीय भएकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६८ ख. बमोजिम सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवाको विद्युतीय अभिलेख प्रणाली निर्माण गरी लागू गर्न सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी यातायात व्यवस्था विभागले यो निर्देशिका स्वीकृत गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस निर्देशिकाको नाम **"विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा प्रवाह गर्ने निर्देशिका, २०८३"** रहेको छ।

१.२ यो निर्देशिका विभागबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "Application ID" भन्नाले प्रणालीबाट प्रत्येक आवेदनका लागि प्रदान गरिने विशिष्ट आवेदन पहिचान नम्बर सम्झनु पर्दछ ।

(ख) "प्रणाली" भन्नाले सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा विद्युतीय माध्यमबाट सञ्चालन गर्न प्रयोगमा ल्याइएको Electronic Driving License and Vehicle Registration System (EDLVRS) सम्झनु पर्दछ।

(ग) "Office Approval" भन्नाले सेवाग्राहीबाट विद्युतीय रूपमा पेश भएको आवेदन सम्बन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीबाट परीक्षण गरी स्वीकृत गरिएको अवस्था सम्झनु पर्दछ।

(घ) "Retrial" भन्नाले प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण भएका आवेदकले प्रचलित व्यवस्थाबमोजिम पुनः दिईने प्रयोगात्मक परीक्षा सम्झनु पर्दछ।

(ङ) "Smart Card" भन्नाले प्रणालीमा रहेको अनुमतिपत्र विवरणका आधारमा छपाइ हुने सवारी चालक अनुमतिपत्र वा सम्झनु पर्दछ।

(छ) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ सम्झनु पर्दछ।

(ज) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गत सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा प्रदान गर्ने यातायात व्यवस्था कार्यालय वा यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्दछ।

(झ) "चिकित्सक" भन्नाले प्रचलित कानूनबमोजिम सवारी चालक अनुमतिपत्रका लागि स्वास्थ्य परीक्षण गर्न अधिकार प्राप्त निकायबाट मान्यता प्राप्त गरेका चिकित्सक सम्झनु पर्दछ।

(ञ) "नियमावली" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ सम्झनु पर्दछ।

(ट) "प्रदेश मन्त्रालय" भन्नाले सम्बन्धित प्रदेश सरकारको यातायात क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(ठ) "प्रादेशिक पोर्टल" भन्नाले सम्बन्धित प्रदेशका सेवाग्राहीले प्रणालीबाट सेवा प्राप्त गर्न प्रयोग गर्ने प्रदेशगत वेब पोर्टल सम्झनु पर्दछ।

(ड) "मन्त्रालय" भन्नाले नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्दछ।

(ढ) "विद्युतीय माध्यमबाट भुक्तानी" भन्नाले Revenue Management Information System (RMIS) को गेट वे प्रयोग गरी डिजिटल वालेट वा बैंक तथा वित्तीयसंस्थाबाट गरिने भुक्तानी सम्झनु पर्दछ।

(ण) "विभाग" भन्नाले यातायात व्यवस्था विभाग सम्झनु पर्दछ।

(त) "सेवाग्राही वा सेवा" भन्नाले नयाँ सवारी चालक अनुमतिपत्र, वर्ग थप, नवीकरण, प्रतिलिपि, पुनःप्रयोगात्मक परीक्षा, विवरण अद्यावधिक वा अनुमतिपत्र सम्बन्धी आवश्यक सेवा लिन आवेदन गर्ने व्यक्ति वा सो सम्बन्धी सेवा सम्झनु पर्दछ।

(थ) "स्वास्थ्य परीक्षण" भन्नाले ऐनको दफा ४८ को उपदफा (२) बमोजिम नयाँ सवारी चालक अनुमतिपत्र वा नवीकरण सम्बन्धी सेवा लिनका लागि नेपाल सरकारबाट मान्यता प्राप्त चिकित्सकबाट गरिने स्वास्थ्य परीक्षणलाई सम्झनु पर्दछ ।

३. प्रदेशगतरुपमा EDLVRS प्रणालीमा प्रवेश तथा उपलब्ध सेवा

३.१ सेवाग्राहीले आफूले सेवा लिन चाहेको विभाग वा प्रदेशको अनुसूची-१ बमोजिमको पोर्टलमा प्रवेश गर्नु पर्नेछ ।

३.२ दफा ३.१ बमोजिमको पोर्टलमा प्रवेश गरेपछि सेवाग्राहीले आवश्यकताअनुसार सेवा छनोट गर्न सक्नेछन्।

३.३ प्रणाली प्रयोग गर्दा सेवाग्राहीले आफ्नो नाममा दर्ता भई हाल सक्रिय रहेको मोबाइल नम्बर प्रयोग गर्नुपर्नेछ।

३.४ बायोमेट्रिक लगायात व्यक्तिगत प्रमाणीकरण आवश्यक पर्ने सेवामा नागरिक एपबाट QR Code Scan गरी वा राष्ट्रिय परिचयपत्रको आधारमा प्रमाणीकरण गर्न सकिनेछ ।

३.५ बुँदा नम्बर ३.४ बमोजिम प्रमाणीकरण हुन सक्ने अवस्था नरहेमा नेपाल सरकारबाट जारी भएका नागरिकता, राहदानी वा व्यक्तिगत विवरण खुल्ने अन्य सरकारी कागजात र सम्बन्धित कार्यालयमा भौतिकरुपमा उपस्थित भई दिईएको बायोमेट्रिकको आधारमा प्रमाणीकरण गर्न सकिनेछ ।

३.६ कुटनीतिक प्रतिनिधि वा विदेशी नागरिकको हकमा राहदानी, निजको देशबाट जारी भएको सवारी चालक अनुमतिपत्र र नेपाल सरकारबाट जारी भएको प्रवेशाज्ञाको आधारमा सवारी चालिक अनुमतिपत्र सम्बन्धी सेवा लिन सक्नेछ ।

३.७ भारतीय नागरिकको हकमा सम्बन्धित भारतीय राजदूतावासबाट जारी गरिएको परिचय वा सिफारिस पत्र, सवारी चालक अनुमतिपत्र र हाल बसोबास गरिरहेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयबाट जारी गरिएको बसोबास प्रमाणित सिफारिस पेश गरी सेवा लिन सकिनेछ ।

३.८ यस दफा बमोजिमको सेवा प्रयोगमा आवश्यक परेमा प्रणालीले मोबाइल नम्बर वा इमेलमा OTP पठाई सेवाग्राहीको पहिचान प्रमाणीकरण गर्न सक्नेछ।

४. नयाँ चालक अनुमतिपत्रका लागि आवेदन प्रक्रिया

४.१ सेवाग्राहीले दफा ३.१ बमोजिमको प्रणालीमा गई नयाँ सवारी चालक अनुमतिपत्र (New License Application) विकल्प छनोट गर्नुपर्नेछ।

४.२ नागरिक एपबाट QR Code Scan गरी वा राष्ट्रिय परिचयपत्र प्रयोग गरी आफ्नो व्यक्तिगत विवरण प्रमाणीकरण गर्नुपर्नेछ। विदेशी नागरिकले राहदानी, राजदूतावासबाट जारी गरिएको परिचय वा सिफारिस पत्र तथा सम्बन्धित वडा कार्यालयबाट जारी गरिएको सिफारिस पत्र प्रयोग गरी आवश्यक विवरण प्रमाणीकरण गर्नुपर्नेछ।

४.३ कुटनीतिक नियोगमा काम गर्ने विदेशी नागरिक हकमा दफा ३.६ मा उल्लिखित कागजात र प्रणालीमा उल्लेखित विवरण भरी यातायात व्यवस्था कार्यालय एकान्तकुनामा पेश गर्नुपर्ने र बायोमेट्रिक विवरण रुजु र प्रमाणीकरण गर्न सम्बन्धित कार्यालयमा जानुपर्नेछ ।

४.४ विदेशी नागरिकको हकमा दफा ३.६ र भारतिय नागरिकको हकमा दफा ३.७ बमोजिमका कागाजात र प्रणालीमा उल्लिखित विवरण भरी भौतिक रुपमा सम्बन्धित कार्यालयमा उपस्थित भई बायोमेट्रिक विवरण दिई प्रमाणीकरण गर्नु पर्नेछ ।

४.५ प्रमाणीकरण सफल भएपछि प्रणालीमा उपलब्ध आधिकारिक विवरण आवेदन फाराममा स्वतः प्रविष्ट हुनेछ। प्रणालीले माग गरेका अन्य आवश्यक विवरण सेवाग्राहीले भर्नुपर्नेछ।

४.६ सेवाग्राहीले आफूले आवेदन दिन चाहेको सवारी चालक अनुमतिपत्रको वर्ग छनोट गर्नुपर्नेछ।

४.७ प्रणालीमा उपलब्ध मान्यता प्राप्त वा सूचीकृत चिकित्सकको सूचीबाट आफूलाई पायक पर्ने चिकित्सक छनोट गरी आवश्यक स्वास्थ्य परीक्षण गराउनुपर्नेछ।

४.८ चिकित्सकले स्वास्थ्य परीक्षणको नतिजा EDLVRS प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

४.९ स्वास्थ्य परीक्षण सफल भएपछि सेवाग्राहीले आफूले आवेदन दिन चाहेको यातायात व्यवस्था कार्यालय छनोट गरी आवेदन पेश गर्नुपर्नेछ।

४.१० सम्बन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीले आवेदन तथा प्रणालीमा उपलब्ध विवरण जाँच गरी आवेदन स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ।

४.११ आवेदन स्वीकृत भएपछि सेवाग्राहीले प्रणालीमा उपलब्ध विद्युतीय भुक्तानीको माध्यम प्रयोग गरी तोकिएको आवेदन शुल्क भुक्तानी गर्नुपर्नेछ।

४.१२ आवेदन शुल्क भुक्तानी भएपछि सेवाग्राहीले प्रणालीमा उपलब्ध मितिमध्ये आफूलाई सहज हुने लिखित परीक्षाको मिति छनोट गर्न सक्नेछ।

४.१३ सेवाग्राहीले छनोट गरेको मिति र स्थानमा उपस्थित भई लिखित परीक्षा दिनुपर्नेछ।

४.१४ लिखित परीक्षा उत्तीर्ण भएपछि प्रयोगात्मक परीक्षाका लागि छुट्टै शुल्क लाग्ने भएमा सो शुल्क विद्युतीय माध्यमबाट भुक्तानी गरी प्रणालीमा उपलब्ध मितिमध्ये प्रयोगात्मक परीक्षाको मिति छनोट गर्न सक्नेछ।

४.१५ सेवाग्राहीले छनोट गरेको मिति र स्थानमा उपस्थित भई प्रयोगात्मक परीक्षा दिनुपर्नेछ।

४.१६ प्रचलित कानूनबमोजिम लिखित परीक्षा दिन नपर्ने वर्गका आवेदकलाई प्रणालीले सोझै प्रयोगात्मक परीक्षा सम्बन्धी प्रक्रिया उपलब्ध गराउनेछ।

४.१७ प्रयोगात्मक परीक्षा उत्तीर्ण भएपछि सम्बन्धित प्रदेशको कानूनले तोकेबमोजिमको शुल्क भुक्तानी गर्नुपर्नेछ।

४.१८ उल्लिखित बमोजिमको सम्पूर्ण प्रक्रिया तथा शुल्क भुक्तानी पश्चात प्रणालीबाट अनुसूची-२ बमोजिमको ढाँचामा सवारी चालक अनुमतिपत्र नम्बर जारी हुनेछ।

४.१९ सवारी चालक अनुमतिपत्र नम्बर जारी भएपछि स्मार्ट कार्ड छपाई प्रक्रियाका लागि विवरण स्वतः पठाइनेछ।

५. वर्ग थप सम्बन्धी आवेदन प्रक्रिया

५.१ पहिले नै सवारी चालक अनुमतिपत्र प्राप्त गरिसकेका सेवाग्राहीले अनुमतिपत्र वर्ग थप (Add Category Application) विकल्प छनोट गर्नुपर्नेछ।

५.२ सेवाग्राहीले आफ्नो राष्ट्रिय परिचयपत्र नम्बर, सवारी चालक अनुमतिपत्र नम्बर तथा प्रणालीले माग गरेका अन्य आवश्यक विवरण प्रविष्ट गरी प्रमाणीकरण गर्नुपर्नेछ।

५.३ सेवाग्राहीले थप गर्न चाहेको सवारी चालक अनुमतिपत्रको वर्ग छनोट गर्नुपर्नेछ। तर निलम्बन भएको, कानूनबमोजिम नवीकरण गर्नुपर्ने अवस्था नरहेको वा अन्य कारणले वर्ग थपका लागि अयोग्य भएको अनुमतिपत्रमा प्रणालीले वर्ग थप आवेदन रोक्न सक्नेछ।

५.४ वर्ग छनोट गरेपछि स्वास्थ्य परीक्षण, कार्यालय छनोट, अफिस अप्रुभल (Office Approval), आवेदन शुल्क भुक्तानी र परीक्षा सम्बन्धी प्रक्रिया यस निर्देशिकाको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

५.५ प्रयोगात्मक परीक्षा उत्तीर्ण भएपछि प्रचलित कानुनले तोके बमोजिमको शुल्क अनलाईन मार्फत भुक्तानी गर्नुपर्नेछ।

५.६ उल्लिखित प्रक्रिया पूरा भएपछि थप गरिएको वर्ग सम्बन्धित चालक अनुमतिपत्रमा अद्यावधिक हुनेछ।

६. सवारी चालक अनुमतिपत्र नवीकरण प्रक्रिया

६.१ नवीकरण गर्नुपर्ने सेवाग्राहीले प्रणालीमा अनुमतिपत्र नवीकरण (Renew License Application) विकल्प छनोट गर्नुपर्नेछ।

६.२ सवारी चालक अनुमतिपत्र नम्बर र प्रणालीले माग गरेका आवश्यक विवरण प्रविष्ट गरी नवीकरणका लागि आवेदन गर्नुपर्नेछ।

६.३ प्रणालीमा उपलब्ध मान्यता प्राप्त चिकित्सकको सूचीबाट आफूलाई पायक पर्ने चिकित्सक छनोट गरी आवश्यक स्वास्थ्य परीक्षण गराउनुपर्नेछ।

६.४ दफा ६.३ बमोजिम चिकित्सकले स्वास्थ्य परीक्षण गरी प्राप्त प्रतिवेदन प्रणालीमा प्रविष्ट गरेपछि सेवाग्राहिले आवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

६.५ सम्बन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीले आवेदन, अनुमतिपत्र विवरण र आवश्यक अभिलेख जाँच गरी अफिस अप्रुभल (Office Approval) गर्नेछ।

६.६ आवेदन स्वीकृत भएपछि सेवा ग्राहीले तोके बमोजिमको विद्युतीय माध्यमबाट भुक्तानी गर्नुपर्नेछ।

६.७ उल्लिखित प्रक्रिया पूरा भएपछि सवारी चालक अनुमतिपत्र नवीकरण हुनेछ।

७. चालक अनुमतिपत्रको प्रतिलिपि प्राप्त गर्ने प्रक्रिया

७.१ ऐनको दफा ६२ को उपदफा (१) बमोजिमको कारणले प्रतिलिपि आवश्यक पर्ने सेवाग्राहीले सवारी चालक अनुमतिपत्र प्रतिलिपि (License Copy application) विकल्प छनोट गर्नुपर्नेछ।

७.२ दफा ७.१ बमोजिमको विकल्प छनौट पश्चात प्रणालीले माग गरेका विवरण पेश गर्नुपर्नेछ।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था विभाग

महानिर्देशक

७.३ पेश भएका विवरणका आधारमा सम्बन्धित यातायात व्यवस्था कार्यालयले आवेदन जाँच गरी आवेदन स्वीकृत वा अस्वीकृत गर्नेछ।

७.४ आवेदन स्वीकृत भएपछि सेवाग्राहीले विद्युतीय माध्यमबाट तोकिएको प्रतिलिपि शुल्क भुक्तानी गर्नुपर्नेछ।

७.५ उल्लिखित प्रक्रिया पूरा भएपछि सवारी चालक अनुमतिपत्रको प्रतिलिपि जारी हुनेछ ।

८. पुनःप्रयोगात्मक परीक्षा सम्बन्धी प्रक्रिया

८.१ नयाँ चालक अनुमतिपत्र वा वर्ग थपको प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण भएका आवेदकले प्रणालीमा गई पुनः प्रयोगात्मक परीक्षा (Retrial) विकल्प छनोट गर्नुपर्नेछ।

८.२ तोकिए बमोजिमको पुनःप्रयोगात्मक परीक्षा शुल्क वा आवेदन शुल्क विद्युतीय माध्यमबाट भुक्तानी गर्नुपर्नेछ।

८.३ शुल्क भुक्तानी भएपछि प्रणालीमा उपलब्ध परीक्षा मितिमध्ये आफूलाई सहज हुने पुनःप्रयोगात्मक परीक्षा मिति (Retrial Date) आवेदकले छनोट गर्नुपर्नेछ।

८.४ छनोट गरिएको मिति र स्थानमा भौतिक रूपमा उपस्थित भई पुनःप्रयोगात्मक परीक्षा दिनुपर्नेछ।

८.५ पुनःप्रयोगात्मक परीक्षामा उत्तीर्ण भएपछि लागू हुने अन्तिम अनुमतिपत्र शुल्क (राजश्व) भुक्तानी गर्नुपर्नेछ।

८.६ उल्लिखित सम्पूर्ण प्रक्रिया पूरा भएपछि प्रणालीबाट अनुमतिपत्र नम्बर प्राप्त (Generate) हुनेछ वा वर्ग थपको हकमा सम्बन्धित अनुमतिपत्रमा नयाँ वर्ग अद्यावधिक हुनेछ।

८.७ पुनः प्रयोगात्मक परीक्षाको अवसर संख्या, समयावधि तथा अन्य योग्यता सम्बन्धि व्यवस्था ऐन, नियमावली तथा प्रदेश कानून बमोजिम हुनेछ।

९. आवेदन ट्र्याकिङ

९.१ सेवाग्राहीले आवेदन पेश गरेदेखि सेवा पूरा नभएसम्म आफ्नो आवेदनको वर्तमान अवस्था विद्युतीय रूपमा हेर्न सक्नेछ।

९.२ सेवाग्राहीको मोबाइलमा प्राप्त SMS मा रहेको लिंकमार्फत आवेदनको अवस्था हेर्न सकिनेछ।

९.३ सेवाग्राहीले प्रणालीको आवेदन ट्र्याकिङ (Application Tracking) विकल्पमा गई आफ्नो Application ID प्रविष्ट गरी आवेदनको वर्तमान अवस्था तथा पूरा भएका र बाँकी चरण हेर्न सकिनेछ ।

९.४ कार्यालयबाट आवेदन अस्वीकृत वा थप विवरण आवश्यक भएको अवस्थामा सोको जानकारी समेत प्रणालीमार्फत उपलब्ध गराउनुपर्नेछ ।

१०. लाइसेन्स विवरण सच्याउने वा अद्यावधिक गर्ने प्रक्रिया

१०.१ सेवाग्राहीले प्रणालीको चालक अनुमतिपत्र विवरण सच्याउने (License Correction Application) विकल्पमा प्रवेश गरी आफ्नो चालक अनुमतिपत्रमा रहेको आधारभूत व्यक्तिगत विवरण अद्यावधिक गर्न सक्नेछ।

१०.२ सेवाग्राहीको राष्ट्रिय परिचयपत्रमा रहेको आधारभूत व्यक्तिगत विवरण प्रणालीमा प्रविष्ट गरी सोको आधारमा सम्बन्धित कार्यालयले प्रमाणीकरण गरे पश्चात प्रणालीमा स्वतःविवरण अद्यावधिक हुनेछ।

१०.३ दफा १०.२ बमोजिम विवरण सच्याउदा राष्ट्रिय परिचयपत्र प्रणालीबाट प्राप्त विवरण र प्रणालीमा रहेको विवरण फरक पर्न गएको अवस्थामा राष्ट्रिय परिचयपत्रमा कायम रहेको विवरणका आधारमा प्रणालीको विवरण अद्यावधिक गरिनेछ।

१०.४ विदेशी नागरिक र कुटनीतिक नियोगमा कार्यरत विदेशीको हकमा सम्बन्धित कार्यालयमा भौतिक रुपमा उपस्थित भई विवरण पेश गर्नु पर्नेछ र सोको आधारमा प्रणालीमा विवरण स्वतःअद्यावधिक हुनेछ।

१०.५ विवरण अद्यावधिक गर्दा सम्बन्धित प्रदेशको प्रचलित कानूनबमोजिम शुल्क लाग्ने भएमा विद्युतीयमाध्यमबाट भुक्तानी तोकिएको शुल्क भुक्तानी गर्नुपर्नेछ।

१०.६ राष्ट्रिय परिचयपत्र प्रणाली वा नागरिक एपबाट विवरण अध्यवधिक हुन नसक्ने अवस्था देखिएमा म्यानुअल प्रविष्टि गरी विवरण अध्यवधिक गर्न सकिनेछ ।

११. लाइसेन्स विवरण तथा स्मार्ट कार्ड डाउनलोड

सेवाग्राहीले सवारी चालक अनुमतिपत्र विवरण (License Details) विकल्पमा गई आवश्यक विवरण प्रविष्ट गरी प्राप्त हुने OTP (one time password) प्रमाणीकरण गरेपश्चात आफ्नो सवारी चालक अनुमतिपत्र सम्बन्धी विवरण हेर्न र आवश्यकतानुसार विवरण Download गर्न सकिनेछ।

१२. स्वास्थ्य परीक्षणसम्बन्धी व्यवस्था

१२.१ सवारी चालक अनुमतिपत्र सम्बन्धी निवेदनका लागि आवश्यक पर्ने स्वास्थ्य परीक्षण लागि नेपाल सरकारबाट मान्यता प्राप्त चिकित्सकहरु प्रणालीमा सूचीकृत हुन सक्नेछन् ।

१२.२ सूचीकृत चिकित्सकको नाम, सेवा उपलब्ध हुने स्थान, सम्पर्क विवरण तथा अन्य आवश्यक जानकारी प्रणालीमा उपलब्ध गराउनुपर्नेछ।

१२.३ सेवाग्राहीले प्रणालीमा उपलब्ध सूचीबाट आफूलाई पायक पर्ने स्थानमा रहेका चिकित्सकको विवरण हेर्न सक्नेछन्।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय यातायात व्यवस्था विभाग

महानिर्देशक

१२.४ चिकित्सकले सेवाग्राहीको स्वास्थ्य परीक्षण गरी Fit वा Unfit सम्बन्धी नतिजा प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ र चिकित्सकले आवश्यकतानुसार मेडिकल रिपोर्ट प्रणालीमा अपलोड गर्नुपर्नेछ।

१२.५ चिकित्सकको लापरवहिले गलत स्वास्थ्य प्रतिवेदन दिएको प्रमाणित भएमा सम्बन्धित मन्त्रालयले आवश्यक कारवाहीको लागि नियमक निकायमा लेखि पठाउनेछ ।

१२.६ स्वास्थ्य परीक्षणबापत लाग्ने दस्तुर सङ्घ वा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ।

१३. विद्युतीय माध्यमबाट हुने भुक्तानी तथा राजस्व सम्बन्धी व्यवस्था

१३.१ प्रणालीमार्फत लाग्ने आवेदन शुल्क, परीक्षा शुल्क, नवीकरण शुल्क, प्रतिलिपि शुल्क, पुनः प्रयोगात्मक परीक्षा शुल्क तथा अन्य अनुमतिपत्र सेवासम्बन्धी शुल्क विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिनेछ।

१३.२ दफा १३.१ बमोजिम भुक्तानी भएपछि प्रणालीले भुक्तानीको विद्युतीय प्रमाण उपलब्ध गराउनु पर्नेछ।

१३.३ उपदफा १३.२ बमोजिम भुक्तानी सफल भए पनि प्रणालीमा अद्यावधिक नभएको अवस्थामा सम्बन्धित कारोबार (Electronic Bill Payment-EBP) नम्बरका आधारमा आवश्यक प्रमाणीकरण गर्न सकिनेछ।

१३.४ कार्यालयले प्रणालीमा भएको राजस्व कारोबार नियमित रूपमा भिडान गर्नुपर्नेछ।

१३.५ सेवाग्राहीबाट दोहोरो भुक्तानी भएको वा भुक्तानीसम्बन्धी समस्या देखिएको अवस्थामा प्रचलित कानून बमोजिम समाधान गर्नुपर्नेछ।

१४. युजर एकाउन्ट तथा पहुँच व्यवस्थापन

१४.१ विभाग, प्रदेश मन्त्रालय, कार्यालय तथा चिकित्सकलाई जिम्मेवारीअनुसार प्रणालीमा आवश्यक युजर एकाउन्ट उपलब्ध गराउन सकिनेछ।

१४.२ प्रत्येक युजरलाई निजको जिम्मेवारीअनुसार मात्र प्रणालीमा पहुँच अधिकार दिनुपर्नेछ।

१४.३ युजर क्रेडेन्सियल सम्बन्धित कर्मचारीले वा चिकित्सकले मात्र प्रयोग गर्नुपर्नेछ।

१४.४ युजर क्रेडेन्सियल अन्य व्यक्तिलाई दिन, साझा गर्न वा अनधिकृत रूपमा प्रयोग गर्न दिन पाइने छैन।

१४.५ कर्मचारीको सरुवा, अवकाश, जिम्मेवारी परिवर्तन वा सेवा समाप्त भएमा सम्बन्धित युजरको पहुँच तत्काल बन्द वा परिवर्तन गर्नुपर्नेछ।

१४.६ चिकित्सकको सूचीकरण समाप्त, निलम्बन वा रद्द भएमा निजको प्रणाली पहुँच तत्काल बन्द गर्नुपर्नेछ।

१४.७ प्रदेश मन्त्रालयले प्रणालीमा भएका महत्वपूर्ण कार्यको Audit Log राख्ने व्यवस्था गर्नुपर्नेछ।

१५. विभागको जिम्मेवारी

१५.१ प्रणालीको केन्द्रीय प्राविधिक मापदण्ड निर्धारण गर्ने, प्रणालीहरुवीच अन्तरआबद्धता कायम गर्ने र एकिकृत सेवा प्रवाहका लागि प्रदेश मन्त्रालयसँग समन्वय गर्ने।

१५.२ प्रणालीको विकास, परिमार्जन, स्तरोन्नति तथा परीक्षणमा प्रदेशहरुलाई आवश्यक प्राविधिक सहयोग गर्ने।

१५.३ राष्ट्रिय परिचयपत्र, नागरिक एप तथा अन्य सरकारी प्रणालीसँग आवश्यक अन्तरआबद्धताका लागि समन्वय गर्ने।

१५.४ सेवा प्रावहको क्रममा देखापरेका प्रणालीगत समस्याहरु प्रदेश मन्त्रालय वा कार्यालयबाट समाधान हुन नसक्ने अवस्था भएमा लिखित अनुरोधमा विभागले समाधान गर्ने।

१५.५ प्रणाली तथा तथ्याङ्क सुरक्षाका लागि आवश्यक प्राविधिक मापदण्ड तयार गर्ने ।

१५.६ प्रणाली सञ्चालनसम्बन्धी आवश्यक तालिम तथा अभिमुखीकरण गर्ने।

१६. प्रदेश मन्त्रालयको जिम्मेवारी

प्रदेशगत प्रणाली सञ्चालनको क्रममा कार्यालयगत जिम्मेवारीअनुसार प्रणालीमा युजर एकाउन्ट र भूमिका उपलब्ध गराउने व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित प्रदेशको हुनेछ।

प्रदेश अन्तर्गतका कार्यालयमा आवश्यक उपकरण, इन्टरनेट, जनशक्ति तथा अन्य स्रोत साधनको व्यवस्था गर्ने।

१६.१ प्रदेश पोर्टलको सञ्चालन, व्यवस्थापन तथा आवश्यक समन्वय गर्ने।

१६.२ आवेदन शुल्क, परीक्षा शुल्क, पुनः प्रयोगात्मक परीक्षा शुल्क, नवीकरण शुल्क तथा अन्य राजस्वसम्बन्धी व्यवस्था प्रदेश कानूनबमोजिम प्रणालीमा अद्यावधिक गर्ने।

१६.३ कार्यालयअनुसार परीक्षा सञ्चालन क्षमता, उपलब्ध परीक्षा मिति तथा परीक्षासम्बन्धी सेवा व्यवस्थापन गर्ने।

१६.४ प्रदेश प्रणालीमा आवश्यक सुधारका विषयमा विभागसँग समन्वय गर्ने।

१६.५ प्रणाली तथा सेवाग्राहीको तथ्याङ्क सुरक्षाको अनुगमन गर्ने।

१६.६ मातहतका कार्यालयको राजश्व र कामको प्रगति दैनिक रुपमा अध्यावधिक र आवश्यकता अनुसार अनुगमन र निरिक्षण गर्ने ।

१६.७ सवारी चालक अनुमतिपत्र छपाइ तथा वितरण सम्बन्धी आवश्यक व्यवस्था मिलाउने।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

१७. यातायात व्यवस्था कार्यालयको जिम्मेवारी

१७.१ विद्युतीयमाध्यमबाट सेवा प्रवाह गर्न आवश्यक उपकरण, इन्टरनेट तथा जनशक्ति लगायतको व्यवस्था मिलाउने।

१७.२ नयाँ आवेदन, वर्ग थप, प्रतिलिपि र नवीकरणका लागि आनलाइन मार्फत आएका निवदेनहरु कार्यालयबाट सामान्यतया ४८ घण्टाभित्र स्विकृत गर्ने, अस्विकृत गर्नुपर्ने भएमा कारणसहित आवेदकलाई जानकारी गराउनुपर्ने।

१७.३ राष्ट्रिय परिचयपत्र प्रणालीबाट व्यक्तिको विवरण प्रमाणीकरण गर्न नसकिने अवस्थामा कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीले कागजात रुजु गरी Manually प्रमाणीकरण गर्ने, गराउने।

१७.४ लिखित तथा प्रयोगात्मक परीक्षाको सम्भावित मिति, स्थान र क्षमता १५ दिन अगावै प्रणालीमा उपलब्ध गराउने।

१७.५ विपद, आकस्मिक प्राविधिक समस्या वा अन्य विशेष परिस्थिति परी परिक्षा सञ्चालन हुन नसक्ने अवस्थामा परीक्षाको पुनः तालिकिकरण गर्ने।

१७.६ परीक्षाको नतिजा प्रणालीमा ४८ घण्टा भित्र प्रविष्ट गर्ने, सो समयमा प्रविष्ट गर्न नसकेमा स्थलगत मुचुल्का र कार्यालयको निर्णय सहित प्रदेश मन्त्रालयलाई जानकारी गराउने।

१७.७ राजस्व कारोबारको नियमित भिडान गरी अभिलेख राख्ने ।

१७.८ विवरण सच्याउने तथा प्रतिलिपि सम्बन्धी आवेदन आवश्यक कागजातका आधारमा जाँच तथा प्रमाणीकरण गर्ने।

१७.९ सेवाग्राहीको गुनासो तथा प्रणालीसम्बन्धी समस्या समाधानका लागि आवश्यक सहायता गर्ने।

१७.१० आफ्नो कार्यालयका कर्मचारीको प्रणाली पहुँच नियमित रूपमा समीक्षा गर्ने।

१७.११ सवारी चालक अनुमतिपत्रको व्यक्तिगत विवरण अध्यावधिक गर्नुपर्ने भएमा कार्यालयले नियमानुसार गर्ने ।

१७.१२ छपाई भएका कार्डहरु नियम अनुसार वितरण गर्ने र सेवाग्राहीले माग गरेको ठेगानामा पठाउनुपर्ने भएमा आवश्यक शुल्क लिई सेवाग्राहीको ठेगानामा पठाउने व्यवस्था मिलाउने।

१७.१३ सेवाग्राहीको औंठा छाप सङ्कलनमा समस्या आएमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ बमोजिम गर्ने।

१७.१४ प्रचलित कानूनको अधिनमा रही प्रदेश मन्त्रालयको लिखित निर्देशन अनुसार Paper Card को विवरण नयाँ प्रणालीमा अद्यावधिक गर्ने।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

१७.१५ नियमनकारी निकायबाट अनुसन्धानको क्रममा रोक्का भएका बाहेक एकपटकका लागि प्रणालीमा सवारी चालक अनुमतिपत्र नम्बर रहेका तर पुर्ण विवरण नभएका सवारी चालक अनुमतिपत्रको हकमा चालक अनुमतिपत्र बाहकसँग भएको विवरण, कार्यालयको अभिलेख वा सेवाग्राहीको स्व-घोषणाको आधारमा पुनः अभिलेख कायम गरी नवीकरण गर्ने।

१७.१६ सेवाग्राहीको सहजताका लागि कार्यालयले आवश्यकता अनुसार सहायता कक्षको व्यवस्था गर्ने।

१८. कर्मचारीको जिम्मेवारी

१८.१ आफ्नो आधिकारिक युजर क्रेडेन्सियल प्रयोग गरी प्रणालीमा सुरक्षित रूपमा लगइन गर्ने।

१८.२ सम्बन्धित कार्यालयका कर्मचारीले आफ्नो व्यक्तिगत विवरण राष्ट्रिय परिचयपत्र प्रणालीमा अध्यवधिक गरी प्रणालीमा हस्ताक्षर तथा आवश्यक विवरण आवद्ध गराउने ।तर राष्ट्रिय परिचयपत्र प्रणालीबाट विवरण अध्यवधिक हुन नसकेमा म्यानुअल प्रक्रियाबाट विवरण अपडेट गर्न सकिनेछ ।

१८.३ जिम्मेवारीअनुसार प्राप्त आवेदन समयमै सम्पादन गर्ने।

१८.४ सेवाग्राहीको विवरण तथा कागजात गोप्य राख्ने।

१८.५ आफूलाई प्राप्त प्रणाली पहुँच अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने।

१८.६ आवेदन स्वीकृत वा अस्वीकृत गर्दा आवश्यक विवरण सही रूपमा प्रविष्ट गर्ने।

१८.७ सरुवा, अवकाश वा जिम्मेवारी परिवर्तन हुँदा आफ्नो युजर पहुँच बन्द वा परिवर्तन गराउने।

१९. चिकित्सकको जिम्मेवारी

१९.१ प्रणालीसँग आवद्ध भएका चिकित्सा सम्बन्धी अभिलेख प्रणालीमा आफ्नो विवरण अनिवार्य अध्यविधिक गर्ने ।

१९.२ आफ्नो आधिकारिक युजर क्रेडेन्सियल प्रयोग गरी प्रणालीमा लगइन गर्ने।

१९.३ स्वास्थ्य परीक्षणका लागि आउने सेवाग्राहीको राष्ट्रिय परिचयपत्र वा कार्यालयमा भएको विवरणसंग बायोमेट्रिक प्रमाणीकरण पश्चात व्यक्ति एकिन गर्ने।

१९.४ प्रमाणिकरण हुन नसकेमा नागरिकता तथा राष्ट्रिय परिचयपत्रको विवरण अनुसार व्यक्तिको औंठा छाप तथा आवश्यक बायोमेट्रिक विवरण प्रणालिमा प्रविष्ट गर्ने । तर झुट्टा विवरण पेश गरी सेवा लिन आएमा यथाशीघ्र सम्बन्धित यातायात कार्यालयलाई सूचना दिनु पर्नेछ ।

१९.५ ऐन, नियमावली तथा स्वास्थ्य परिक्षण सम्बन्धी मापदण्डको पालना हुने गरि स्वास्थ्य परीक्षण गर्ने ।

१९.६ परीक्षणको वास्तविक नतिजा (Fit/Unfit) प्रणालीमा समयमै प्रविष्ट गर्ने।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग

१९.७ आवश्यक मेडिकल रिपोर्ट प्रणालीमा अपलोड गर्ने।

१९.८ आफ्नो युजर एकाउन्ट अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने।

१९.९ सूचीकरण समाप्त वा जिम्मेवारीबाट अलग भएपछि आफ्नो प्रणाली पहुँच बन्द गराउन सम्बन्धित कार्यालयमा जानकारी गराउने।

२०. सेवाग्राहीको जिम्मेवारी

२०.१ आवेदन गर्दा सही व्यक्तिगत विवरण प्रयोग गर्ने।

२०.२ प्रणालीले माग गरेका सही तथा वास्तविक कागजात मात्र अपलोड गर्ने।

२०.३ आवेदन गर्दा आफ्नो नाममा दर्ता भएको मोबाईल नम्बर र आफ्नो ईमेल मात्र प्रयोग गर्ने ।

२०.४ आवेदन पेश गर्नुअघि प्रविष्ट विवरण सही भए नभएको जाँच गर्ने।

२०.५ आफ्नो OTP, पासवर्ड, Application ID वा अन्य व्यक्तिगत प्रमाणीकरण विवरण अनावश्यक रूपमा अरूलाई उपलब्ध नगराउने।

२०.६ तोकिएको परीक्षा मिति र स्थानमा समयमै उपस्थित हुने।

२०.७ लाग्ने शुल्क निर्धारित समयमा भुक्तानी गर्ने।

२०.८ अनुमतिपत्रमा रहेको विवरण गलत भएमा License Update मार्फत वा आवश्यकताअनुसार सम्बन्धित कार्यालयमा सम्पर्क गरी सच्याउने।

२०.९ आफ्नो नाममा ट्राफिक नियम उल्लङ्घन गरे बापतको कुनै जरिवाना बक्यौता रहेमा अनिवार्य तिर्ने ।

२१. सूचना तथा तथ्याङ्क सुरक्षाः सूचना तथा तथ्याङ्क सुरक्षाका सम्बन्धमा विभाग, प्रदेश मन्त्रलाय र कार्यालयको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

२१.१ विभागको जिम्मेवारी

(क) प्रणालीमा रहेको सेवाग्राहीको व्यक्तिगत विवरण सुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्नेछ।

(ख) आवश्यकताअनुसार प्रणालीको सुरक्षा परीक्षण, Backup तथा Recovery व्यवस्था गर्नुपर्नेछ।

(ग) संवेदनशील व्यक्तिगत विवरणमा अनधिकृत पहुँच रोक्न आवश्यक सुरक्षा उपाय अपनाउनुपर्नेछ।

२१.२ प्रदेश मन्त्रालयले जिम्मेवारी

(क) आफ्ना मातहतका कार्यालय प्रमुखलाई प्रणालीमा पहुँच प्रदान गर्नुका साथै अनाधिकृत पहुँच रोक्न सुरक्षा प्रवन्ध मिलाउने।

(ख) प्रणाली सञ्चालनमा कार्यालय प्रमुखलाई जवाफदेही बनाउने ।

२१.३ कार्यालयको जिम्मेवारी

(ग) कार्यालय प्रमुखले जिम्मेवारी तथा भूमिकाका आधारमा आफ्ना मातहतका कर्मचारीलाई प्रणालीमा पहुँच प्रदान गर्नुपर्नेछ।

(घ) आवेदन स्वीकृति, विवरण परिवर्तन, परीक्षा नतिजा, शुल्क भुक्तानी तथा अन्य महत्वपूर्ण कार्यको विद्युतीय अभिलेख राख्नुपर्नेछ।

(ङ) प्रणालीमा अनधिकृत पहुँच वा सुरक्षा घटना देखिएमा तत्काल प्रदेश मन्त्रालय, विभाग र सम्बन्धित निकायलाई जानकारी गराउनुपर्नेछ।

२२. आवेदन अस्वीकृत तथा थप प्रमाण माग गर्न सकिने

२२.१ आवेदनमा गलत, अपूर्ण वा शंकास्पद विवरण देखिएमा सम्बन्धित कार्यालयले आवेदन अस्वीकृत गर्न वा थप प्रमाण माग गर्न सक्नेछ।

२२.२ आवेदन अस्वीकृत गर्दा सम्भव भएसम्म अस्वीकृतिको कारण प्रणालीमा उल्लेख गर्नुपर्नेछ।

२२.३ सेवाग्राहीले आवश्यक सुधार गरी प्रणालीले अनुमति दिएको अवस्थामा पुनः पेश गर्न सक्नेछ।

२२.४ कार्यालयले आवश्यक ठानेमा सेवाग्राहीले पेश गरेका कागजातको विश्वसनीयता परीक्षण गर्न सक्कल कागजात माग गर्न वा सेवाग्राहीलाई कार्यालयमा उपस्थित गराउन सक्नेछ।

२३. कार्ड छपाई तथा वितरण

२३.१ चालक अनुमतिपत्र नम्बर प्राप्त भएपछि वा नवीकरण र वर्ग थप वा प्रतिलिपिका कारण नयाँ कार्ड आवश्यक भएपछि सेवाग्राहीको विवरण कार्ड छपाई प्रक्रियामा पठाइनेछ।

२३.२ कार्ड छपाई तथा वितरणको जिम्मेवारी सम्बन्धित प्रदेश मन्त्रालय वा प्रचलित कानून बमोजिम तोकिएको निकायको हुनेछ।

२३.३ कार्ड छपाई सम्पन्न भएपछि सेवाग्राहीलाई SMS, Application Tracking वा अन्य विद्युतीय माध्यमबाट जानकारी उपलब्ध गराउनु पर्नेछ ।

२३.४ कार्ड वितरण गर्दा सेवाग्राहीको पहिचान खुल्ने अभिलेख राखि सम्बन्धित कार्यालयबाट वितरण गर्नुपर्नेछ।

२३.५ सवारी चालक अनुमतिपत्र जारी भएको कार्यालय भन्दा भिन्न ठेगानामा कार्ड प्राप्त गर्न कुनै सेवाग्राहीले अनुरोध गरेमा आवश्यक शुल्क लिई माग गरेको ठेगानामा छपाई गर्ने निकाय र हुलाक सेवा विभागसँगको समन्वयमा ढुवानीको प्रबन्ध मिलाईने छ।

महानिर्देशक

२४. प्रचलित कानून लागू हुने

यस निर्देशिकामा उल्लेख नभएको परीक्षा योग्यता, उमेर, अनुमतिपत्रको वर्ग, राजस्व, परीक्षा अवसर, नवीकरण अवधि, जरिवाना तथा अन्य विषयमा प्रचलित संघीय तथा प्रदेश कानूनबमोजिम हुनेछ।

२५. खारेजी र बचाउ

२५.१ विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र सम्बन्धी सेवा प्रवाह गर्ने कार्यविधि निर्देशिका, २०८० खारेज गरिएको छ ।

२५.२ उपदफा (१) बमोजिम खारेज भएको निर्देशिका अन्तर्गत भए गरेका सम्पुर्ण काम कारबाही यसै निर्देशिका अन्तर्गत भए गरेको मानिनेछ ।

२६. संशोधन वा परिमार्जन गर्न सकिने:

यस निर्देशिकाको कार्यान्वयनका क्रममा कुनै प्राविधिक वा प्रक्रियागत समस्या उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही सम्बन्धित प्रदेश मन्त्रालयसँग समन्वय गरी विभागले आवश्यक संशोधन र परिमार्जन गर्न सक्नेछ ।

अनुसूची-१

दफा ३.१ सँग सम्बन्धित विभाग तथा प्रदेशको पोर्टल

EDLVRS पोर्टल	
यातायात व्यवस्था विभाग	https://dotm.gov.np/pages/driving-license-and-vehicle-registration-system-1 वा https://edlvrs.dotm.gov.np
कोशी प्रदेश	https://edlvrs.koshi.gov.np
मधेश प्रदेश	https://edlvrs.madhesh.gov.np
बागमती प्रदेश	https://edlvrs.bagamati.gov.np
गण्डकी प्रदेश	https://edlvrs.gandaki.gov.np
लुम्बिनी प्रदेश	https://edlvrs.lumbini.gov.np
कर्णाली प्रदेश	https://edlvrs.karnali.gov.np
सुदूरपश्चिम प्रदेश	https://edlvrs.sudurpashchim.gov.np

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

अनुसूची-२

दफा ४.१८ बमोजिम सवारी चालक अनुमतिपत्र नम्बरको फर्म्याट

सवारी चालक अनुमतिपत्र नम्बर (प्रदेशकोड-जिल्लाकोड-कार्यालय कोड पछि ७ डिजिट: ००-००-००००००००)

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

महानिर्देशक

अनुसूची-३

दफा १७.१४ सँग सम्बन्धित स्वघोषणाको प्रारुप

श्रीमान कार्यालय प्रमुखज्यू,

.... कार्यालय

विषयः **स्वघोषणा सम्बन्धमा** ।

प्रस्तुत् विषयमा मेरो........................ नम्बरको सवारी चालक अनुमतिपत्र प्रणालीमा कायम रहेको तर पूर्ण विवरण उपलब्ध नभएकाले एकपटकका लागि अभिलेख पुनः कायम गरी नवीकरण गर्ने प्रयोजनका लागि यो स्वघोषणा पेश गरेको छु।यस प्रयोजनका लागि मैले आवेदनमा पेश गरेका सबै विवरण तथा कागजात सत्य र सही छन्। ती विवरण वा कागजात गलत वा झुट्टा भई वा वास्तविक विवरणसँग मेल नखाएमा त्यसको पूर्ण जिम्मेवारी म स्वयं लिनेछु। यदि झुट्टा ठहरिएमा कानून बमोजिम सहुँला, बुझाउँला ।

निवेदक

नामः

ठेगानाः

हस्ताक्षरः